## मिति २०८१ असोज २९ गतेको ४६ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : ढुङ्गा, गिट्टी, बालुवाको बोलपत्र अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ३ : ठेक्का स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ : बैदेशिक भ्रमण स्वीकृतिको लागि सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५ : ठेक्का रकमको भुक्तानी तालिका संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ६ : शहरी स्वास्थ्य केन्द्र भवन निर्माणका लागि बजेट माग सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं. १ : नगर कार्यपालिकाको मिति २०८१/०५/२५ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरू तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : आ.व. २०८१/०८२ मा ढुङ्गा, गिटी, बालुवा, स्लेट, रोडा लगायतका नदीजन्य पदार्थहरुको बिक्री कार्य मार्फत आन्तरिक राजस्व संकलन गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएको परिमाण र हाल मौज्दात रहेको परिमाण दुबै गरी जम्मा ३,२५,९५,८७०.२१ घ.फि. नदीजन्य पदार्थको प्रति घ.फि. रु. ९ का दरले मू.अ.कर समेत गरी जम्मा रु. ३३,१५,००,०००।०० (अक्षरुपी तेत्तिस करोड पन्ध्र लाख रुपैयाँ मात्र) मा मिति २०८१/०२/०१ गते ३० दिनको समयावधी राखी मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक बोलपत्र सूचना प्रकाशन गरिएकोमा उक्त सूचना बमोजिम कुनै पनि बोलपत्रदाताबाट बोलपत्र पेश भएन । त्यसैगरी, मिति २०८१/०२/३२ गते दोश्रो पटक राष्ट्रिय दैनिक पत्रिकामा १५ दिनको समयावधी उल्लेख गरी सोही अङ्क र परिमाणमा बोलपत्र सूचना प्रकाशन गरिएकोमा उक्त सूचना बमोजिम पनि कुनै पनि बोलपत्रदाताबाट बोलपत्र पेश भएन ।

बागमती प्रदेश सरकारले आर्थिक ऐन, २०८१ मार्फत आ.व. २०८१/०८२ को लागि ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिटी, ग्राभेल, रोडा, बालुवा (स्वीकृत खानी क्षेत्र बाहेकमा) को बिक्री दर रु. ९ बाट घटाई रु. ७ कायम गरेको हुँदा नगर कार्यपालिका बैठकको मिति २०८१/०३/२० गतेको निर्णयानुसार मिति २०८१/०३/२१, मिति २०८१/०४/१४ र मिति २०८१/०५/१३ मा समेत राष्ट्रिय दैनिक पत्रिकामा ३,२५,९५,८७०.२१ घ.फि. नदीजन्य पदार्थको प्रति घ.फि. रु. ७ का दरले मू.अ.कर समेत गरी जम्मा रु. २५,७८,३३,३३३।३६ (अक्षरुपी पच्चिस करोड अठहत्तर लाख तेत्तीस हजार तीन सय तेत्तीस रुपैयाँ पैसा छत्तिस मात्र) मा ई- बिड मार्फत बोलपत्र सूचना प्रकाशन गर्दा समेत कुनै पनि बोलपत्रदाताबाट बोलपत्र पेश भएन ।

पटक पटक बोलपत्र आव्हान गर्दा ठेक्का लाग्न नसकेकोले मेलम्ची नगरपालिका भित्रका प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएका नदी क्षेत्रबाट उत्खनन् भई बिक्री हुने ढुङ्गा, गिटी बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री मार्फत प्राप्त हुने राजस्व हाल नगरपालिकाका प्राविधिक कर्मचारी खटाई अमानतबाट संकलन भइरहेको छ । कार्यालयमा अन्य प्रशासनिक कर्मचारीको अभाव भएको र नगर सभाबाट स्वीकृत भएका योजनाहरुको प्राविधिक लागत इष्टिमेट, डिजाइन ड्रोइङ्ग लगायतका योजना कार्यान्वयनको काममा प्राविधिक कर्मचारी नै खटिनुपर्ने अवस्था सिर्जना भएको र प्राविधिक कर्मचारीको अभावमा योजना

कार्यान्वयन गर्न ढिला भई विशेष परिस्थिति सिर्जना हुने भएकोले छोटो विधिबाट ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री ठेक्का अनिवार्य रुपमा लगाउनु पर्ने बाध्यता सिर्जना भएको छ।

स्थानीय राजस्व परामर्श समितिको मिति २०८१/०५/३० गतेको बैठकबाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएका विभिन्न चेनेजमा उल्लिखित परिमाण उत्खनन्का सम्बन्धमा पुनरावलोकन गर्न सकिने वा नसकिने विषयमा प्राविधिक प्रतिवेदन पेश गर्नको लागि समिति गठन गरिएकोमा प्राविधिक समितिबाट देहाय बमोजिम सुझाव प्राप्त भएको छ।

<u>तपसिल</u>

प्राविधिक अध्ययन समितिको स्थलगत अध्ययन, अवलोकन र वडा कार्यालयहरुबाट प्राप्त परिपत्रबाट तपसिलमा उल्लेखित च्यानेजबाट विगतका आ.व. हरु र हालसम्म पनि नदीजन्य पदार्थ उत्खनन् नभएको देखिन्छ।

| क्र.स. | प्याकेजको नाम | कैफियत | परिमाण (घ.फि) (स्वीकृत IEE Report बमोजिम) |
|---|---|---|---|
| १ | मेलम्ची न.पा. वडा नं. ६ को तालामाराङ खोलाको (दायाँ तर्फको माथिल्लो क्षेत्र) | उत्खनन् नभएको | ६५२१८६.०८ |
| २ | मेलम्ची नगरपालिका वडा नं. १२ को सिन्धुखोला पुल देखि मेलम्ची नगरपालिका वडा नं. १२ को रक्तमाला क्रसर उद्योग प्रा.लि.सम्मको क्षेत्र। | उत्खनन् नभएको | १०४२८६२.६९ |
| ३ | ईन्द्रावती नदी तर्फ मेलम्ची दोभान देखि मेलम्ची नगरपालिका वडा नं. ९ को खाल्डे खोला र मेनपा ८ को वारिपारीको क्षेत्र। | वडा नं. ८, ९, १० र ११ को भूगोल भित्र उत्खनन् नभएको | ११७७९२८.६४ |
| जम्मा | | | २८७२९७७.४१ |

CamScanner

प्राविधिक समितिको सिफारिस बमोजिम बोलपत्र सूचना प्रकाशन गर्न सकिने परिमाण र मू.अ.क सहितको अङ्क :

| क्र.सं. | विवरण | घ.फि. | प्रति घ.फि. रु. ७ का दरले हुन आउने जम्मा राजस्व रकम (मू.अ.कर सहित) |
|---|---|---|---|
| १ | जम्मा प्रारम्भिक वातवारणीय परीक्षण प्रतिवेदनले उल्लेख गरेको परिमाण | ३२५२७५७०.८२ | २५७२९३०८५।१९ |
| २ | मौज्दात देखिएको परिमाण | ६८२९९।३८८१४ | ५४०२४८।१७ |
| जम्मा | | ३२५९५८७०।२१ | २५७८३३३३३।३६ |
| नदीजन्य पदार्थ उत्खनन् नहुने क्षेत्रको परिमाण घटाउँदा | | २८७२९७७।४१ | २२७२५२५१।३१ |
| जम्मा बोलपत्र सूचना निकाल्न सकिने परिमाण र अङ्क मू.अ.कर सहित | | २९७२२८९२।८० | २३५१०८०८२।०५ |

अत: मेलम्ची नगरपालिकाबाट मेलम्ची र ईन्द्रावती नदीमा गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निर्धारण गरेको क्षेत्र र परिमाणमा ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री गरी आन्तरिक राजस्व संकलनका लागि विभिन्न मितिमा पाँच पटकसम्म ई-बिड मार्फत बोलपत्र आव्हान गर्दा समेत ठेक्का लाग्न नसकेको, ढुङ्गा, गिटी बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री मार्फत प्राप्त हुने राजस्व हाल नगरपालिकाका प्राविधिक कर्मचारी खटाई अमानतबाट संकलन भइरहेको, कार्यालयमा अन्य प्रशासनिक कर्मचारीको अभाव भएको र नगर सभाबाट स्वीकृत भएका योजनाहरुको प्राविधिक लागत इष्टिमेट, डिजाइन ड्रोइङ्ग लगायतका योजना कार्यान्वयनको काममा प्राविधिक कर्मचारी नै खटिनुपर्ने अवस्था सिर्जना भएको र प्राविधिक कर्मचारीको अभावमा योजना कार्यान्वयन गर्न ढिला भई जटिल परिस्थिति सिर्जना हुने भएको र कार्यालयलाई छोटो विधिबाट ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री ठेक्का अनिवार्य रुपमा लगाउनु पर्ने बाध्यता सिर्जना भएको हुँदा यस सम्बन्धमा गठित प्राविधिक समितिले पेश गरेको प्रतिवेदन बमोजिम नगरपालिकाबाट स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निर्धारण गरेको र हाल मौज्दात रहेको कूल परिमाण ३,२५,९५,८७०.२१ घ.फि. मध्ये मेलम्ची, ईन्द्रावती र सिन्धुखोला नदीका माथि उल्लिखित तीन वटा चेनेजहरुबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन नहुने देखिएकोले स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएको र मौज्दात रहेको जम्मा परिमाण ३२५९५८७०।२१ मध्ये उत्खनन् तथा बिक्री गर्न नसकिने जम्मा परिमाण २८,७२,९७७।४१ घ.फि. घटाई जम्मा हुन आउने परिमाण

CS CamScanner

२,९७,२२,८९२।८० घ.फि. मा बागमती प्रदेश आर्थिक ऐन, २०८१ मा उल्लिखित प्रति घ.फि. रु. ७ का दरले मू.अ.कर सहित जम्मा हुन आउने रकम रु. २३,५१,०८,०८२।०५ मा ढुङ्गा, गिटी बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री मार्फत आन्तरिक राजस्व संकलनका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा (४ख) बमोजिम मिति २०८१/०६/०८ को राष्ट्रिय दैनिक पत्रिकामा ७ (सात) दिनको संशोधित सूचना प्रकाशन गरिएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | विवरण | परिमाण (घ.फि.) | प्रति घ.फि. रु.७ का दरले मू.अ.कर बाहेकको रकम रु. | प्रति घ.फि. रु.७ का दरले मू.अ.कर सहितको रकम रु. |
|---|---|---|---|---|
| (क) | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निर्धारण गरेको र मौज्दात रहेको जम्मा परिमाण (यस अघिको सूचनामा प्रकाशित) | ३,२५,९५,८७०।२१ | २२,८१,७१,०९१।४७ | २५,७८,३३,३३३।३६ |
| (ख) विगत आ.व.हरु र चालु आ.व.मा नदीजन्य पदार्थ उत्खनन् नभएका स्थानहरु | | | | |
| १ | मेलम्ची नगरपालिका वडा नं. १२ को सिन्धुखोला पुल देखि मेलम्ची नगरपालिका वडा नं. १२ को रक्तमाला क्रसर उद्योग प्रा.लि.सम्मको क्षेत्र। | १०,४२,८६२।६९ | ७३,००,०३८।८३ | ८२,४९,०४३।८८ |
| २ | ईन्द्रावती नदी तर्फ मेलम्ची दोभान देखि मेलम्ची नगरपालिका वडा नं. ९ को खाल्डे खोला र मेनपा ८ को वारिपारीको क्षेत्र। | ११,७७,९२८।६४ | ८२,४५,५००।४८ | ९३,१७,४१५।५४ |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३ | मेलम्ची न.पा. वडा नं. ६ को तालामाराङ खोलाको दायाँ तर्फको माथिल्लो क्षेत्र | ६,५२,१८६.०८ | ४५,६५,३०२।५६ | ५१,५८,७९१।८९ |
| ख को जम्मा | | २८,७२,९७७।४१ | २,०१,१०,८४१।८७ | २,२७,२५,२५१।३१ |
| जम्मा (क - ख) | | २,९७,२२,८९२।८० | २०,८०,६०,२४९।६० | २३,५१,०८,०८२।०५ |

निर्णय नं. ३ : आ.व. २०८१/०८२ को लागि मेलम्ची नगरपालिका क्षेत्र भित्रको ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्र तर्फ आय ठेक्का नं. MMSI/2081-82/01 सिन्धुखोला नदी तर्फ मेलम्ची नगरपालिका वडा नं. १२ को सिन्धुखोला पुल देखि मेलम्ची नगरपालिका वडा नं. १२ को रक्तमाला क्रसर उद्योग प्रा.लि.सम्मको क्षेत्र, ईन्द्रावती नदी तर्फ मेलम्ची दोभान देखि मेलम्ची नगरपालिका वडा नं. ९ को खाल्डे खोला र मेनपा ८ को वारिपारीको क्षेत्र र मेलम्ची न.पा. वडा नं. ६ को तालामाराङ खोलाको दायाँ तर्फको माथिल्लो क्षेत्र बाहेक मेलम्ची नगरपालिका क्षेत्रको ढाँडखोला देखि माथि मेलम्ची नगरपालिका वडा नं. ११ स्थित डुँडेखोलासम्म र मेनपा १० को सहरे बगर क्षेत्रसम्म IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) का लागि मिति २०८१/०६/०८ गते पुन: प्रकाशित बोलपत्र सूचना बमोजिम मिति २०८१/०६/१५ गते काठमाडौं महानगरपालिका वडा नं. १४, बल्खु स्थित सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि. ले ई-बिड मार्फत मू.अ.कर सहित रु. २३,५२,६६,३३३।३३ (अक्षरुपी तेइस करोड बाउन्न लाख छैसठी हजार तीन सय तेत्तिस रुपैयाँ पैसा तेत्तिस मात्र) कबोल अङ्क उल्लेख गरी बोलपत्र पेश गरेकोमा उक्त बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले मेलम्ची नगरपालिकाबाट मिति २०८१/०६/१७ गतेको राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र स्वीकृतिको आशयको सूचना प्रकाशन गरिएको र उक्त सूचनामा कोही कसैको दाबी बिरोध नभएको हुँदा निज कम्पनीले पेश गरेको बोलपत्र स्वीकृत गरी सम्झौता प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : सिन्धुपाल्चोक जिल्ला स्थित मेलम्ची नगरपालिकाका नगर प्रमुख श्री आइतमान तामाङज्यू, वडा नं. ११ का वडा अध्यक्ष श्री चन्द्र बहादुर तामाङज्यू र Interpreter नवराज काफ्लेलाई Songgok Academy, a School Corporation, 67 Yangwon Station- Jungnang- gu, Seoul, Republic of Korea बाट 6th November, 2024 देखि 16th Novembar, 2026 (वि.सं. २०८१/०७/२१ देखि २०८१/०८/०१) सम्म बैदेशिक भ्रमणको लागि निमन्त्रणा भएको हुँदा उक्त अवधिको नगर प्रमुखज्यू र वडा अध्यक्षज्यूको बैदेशिक भ्रमणका लागि लाग्ने खर्च नगरपालिकाको आन्तरिक श्रोतबाट बेहोरिने र Interpreter नवराज काफ्लेको लागि लाग्ने खर्च स्वयं निज व्यक्तिबाट बेहोर्ने गरी उक्त बैदेशिक भ्रमण स्वीकृतिको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

CS CamScanner

निर्णय नं. ५ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ को लागि मेलम्ची तथा ईन्द्रावती नदी क्षेत्रमा ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थ बिक्रीका लागि पटक पटक बोलपत्र सूचना प्रकाशित गर्दा समेत ठेक्का लाग्न नसकेको हुँदा मिति २०८१ श्रावण १ गते देखि नगरपालिकाबाट कर्मचारी व्यवस्थापन गरी हालसम्म अमानतमा राजस्व संकलनको कार्य भइरहेकोमा मिति २०८१/०८/०८ मा प्रकाशित बोलपत्र सूचना बमोजिम सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि. ले मिति २०८१/०६/१५ मा बोलपत्र पेश गरेको र उक्त बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई बोलपत्र स्वीकृतिको आशको सूचना समेत प्रकाशन भएको छ। यस कार्यालयबाट सुदिपा ट्रेडिङ्ग कम्पनीलाई सम्झौता गर्न आउनको लागि च.नं. ९३४ मिति २०८१/०६/२९ गते पत्राचार गरिएकोमा निज कम्पनीसंग मिति २०८१ कार्तिक महिनामा मात्र सम्झौता गरिने भएकोले सूचनाको बुँदा नं. १४ मा रहेको दोश्रो किस्ताको ठेक्का रकमको भुक्तानी तालिका अनुसार २०८१ पौष मसान्त भित्र कूल सम्झौता अङ्कको ४० प्रतिशत रकम भुक्तानी गर्न कठिनाई हुने भएकोले उक्त तालिकामा दोश्रो किस्ताको भुक्तानी तालिका २०८१ फाल्गुण मसान्तसम्म कायम गर्नका लागि निज कम्पनीले निवेदन पेश गरेको हुँदा सूचनाको बुँदा नं. १० मा भएको व्यवस्था बमोजिम उक्त दोश्रो किस्ता रकमको भुक्तानी तालिका २०८१ फाल्गुण मसान्तसम्म कायम गर्ने निर्णय गरियो।

निर्णय नं. ६ : मेलम्ची नगरपालिका वडा नं. ९ स्थित शहरी स्वास्थ्य केन्द्र सुनखानीको आफ्नै भवन नभएको र यस केन्द्रबाट अन्य पालिकाका सेवाग्राहीहरुले समेत स्वास्थ्य सेवा लिने र सेवाग्राहीको चापलाई मध्यनजर गर्दै यस केन्द्रबाट बर्थिङ सेन्टर समेत संचालन गर्नुपर्ने भएकोले शहरी स्वास्थ्य केन्द्र सुनखानीको भवन निर्माणको लागि आवश्यक बजेट व्यवस्थाको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ काठमाडौंलाई अनुरोध गर्ने निर्णय गरियो।

२०८१/६/२५

CamScanner

अनुसुची ३

मेलम्ची नगरपालिकाबाट आ.व.२०८०/०८१ मा विनियोजन भई १३ वडाहरुमा सञ्चालित अवस्थामा रहेका तथा सम्पन्न भएका देहायबमोजिमका विभिन्न योजनाहरुको २०८१ जेष्ठ महिनामा नगरस्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरी देहायबमोजिमको प्रतिवेदन पेश गरिएको छ ।

| क.सं. | अनुगमन गरिएका योजनाहरु | विनयोजित रकम रु. | वडा नं. | निर्माण प्रक्रिया | भएका मुख्य मुख्य कार्यहरु | सुधार गर्न दिइएका निर्देशन तथा सुझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | घट्टेखोला सुन्दरेपाटा कान्ले सिंचाई कुलो | ६ लाख | ११ | उपभोक्ता समिति मार्फत | कुलो खन्ने र ग्याविन वाल लगाउने कार्य भएको | कुलाको नियमित मर्मत सभार गरी सञ्चालन गर्ने | |
| २ | डाँडाबाटो माझटोल हुँदै लाहुरेटोल सिडि बाटो निर्माण | ७ लाख | ३ | उपभोक्ता समिति मार्फत | सोलिड पि.सि.सि. सहित सिडि निर्माण,फलामे रेलिङ र मेसोनरी वाल निर्माणको कार्य भएको | | |
| ३ | साङ्दाननटोल मोटरबाटो मर्मत | ४ लाख | ३ | उपभोक्ता समिति मार्फत | माटो कटिङ गरी सडक चौडा गर्ने, ग्याविन वाल लगाउने र क्याचपिट सहित ह्युम पाईप राख्ने कार्य भएको | | |
| ४ | खड्काछाप गौरुङथोक मोटरबाटो मर्मत | ५ लाख | ३ | उपभोक्ता समिति मार्फत | साँघुरो बाटो तथा मोडहरुमा माटो कटिङ गरी ग्याविन वाल लगाई सडक स्तरोन्नती गर्ने | | |
| ५ | वरको बोट मसानघाट | १० लाख | १० | उपभोक्ता समिति मार्फत | माटो कटीङ गरी चौर सम्याउने, मसानघाट निर्माण, मेसोनरी वाल, शौचालय तथा धारो निर्माण कार्य भएको | | |
| ६ | माथिल्लो क्यामुने खानेपानी निर्माण तथा मर्मत | १० लाख | १० | उपभोक्ता समिति मार्फत | एउटा इन्टेक, २ वटा एफ.आर.सी., एउटा आर.भि.टी र पाईप लाईन विस्तारको कार्य भएको | | |
| ७ | भुमेस्थान आधारभूत विद्यालय | १० लाख | १० | उपभोक्ता समिति मार्फत | मेसोनरी वाल निर्माण र विद्यालयको प्राङ्गनमा ब्लक छाप्ने कार्य भएको | | |
| ८ | लुवाङ्टोल धौले सडक स्तरोन्नती | ९ लाख | ४ | उपभोक्ता समिति मार्फत | साँघुरो बाटो तथा मोडहरुमा माटो कटिङ गरी चौडा गर्ने, कच्ची नाली, क्याचपिट सहित ह्युम पाईप राख्ने कार्य भएको | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | उलेंनी चिहानघाट निर्माण | २ लाख ५० हजार | ४ | उपभोक्ता समिति मार्फत | ट्रसको चिहानघाट निर्माण भएको | | |
| १० | मुल कुलो निवुगाउँ | ५ लाख | २ | उपभोक्ता समिति मार्फत | आर.सि.सि. कुलो र मेसोनरी वाल निर्माण भएको | कुलाका नियमित ममंत सभार र सफा गरी सञ्चालन गर्न | |
| ११ | बरनौट थुम्काटोल काब्राकोबोट सिडि निर्माण | १० लाख | २ | उपभोक्ता समिति मार्फत | सोलिड पि.सि.सि. सहित सिडि निर्माण,फलामे रेलिङ र मेसोनरी वाल निर्माणको कार्य भएको | | |
| १२ | ढुङ्गेधार प्रतिक्षालय निर्माण | ५ लाख | २ | उपभोक्ता समिति मार्फत | २ वटा प्रतिक्षालय र ३ वटा ढुङ्गेधारा निर्माण भएको | | |
| १३ | गणेश प्रसाद चौलागाईको घर संरक्षण | ४० हजार | २ | उपभोक्ता समिति मार्फत | मेसोनरी वाल लगाई घर संरक्षण कार्य भएको | | |
| १४ | वरेटार खानेपानी | ५ लाख | १३ | उपभोक्ता समिति मार्फत | १ वटा ट्यांकि, २ वटा एफ.आर.सी. र १४ वटा धारा निर्माण | मिटर जडान गरी पानीका सदुपयोग गर्न तथा नियमित रेखदेख र मर्मत सम्भार गर्न | |
| १५ | गैरीगाउँ खानेपानी | ५ लाख | १३ | उपभोक्ता समिति मार्फत | १ वटा ट्यांकि, एफ.आर.सी. ३ वटा धारा निर्माण र इन्टेकमा प्लम वाल निर्माण कार्य भएको | ट्यांकीको वरीपरी तारजाली लगाउन र नियमित मर्मत संभार र रेखदेख गरी उपयोग गर्न | |
| १६ | ढाँडखोला बस्ती तथा खेतीयोग्य जमिन संरक्षण | ५ लाख | १३ | उपभोक्ता समिति मार्फत | ग्याविन वाल लगाएर खेत तथा बस्ती संरक्षण कार्य गरेको | व्याक फिलिङ गर्न एवं ग्याविनमा खाली भएको र नमिलेको ठाँउमा ढुङ्गा मिलाएर पुनः भर्न | |
| १७ | Upgrading Works of Zerokilo Swotikhola Haibung Pati Bhanjyang Road | १ करोड ९९ लाख ४३ हजार १ सय ४५ (सम्झौता रकम) | ३ | बोलपत्र | प्लम नाली, ग्याविन वाल, मेसोनरी वाल, क्याचपिट सहित ह्युम पाईप, आर.सि.सि. सडक ढलानको कार्य भएको | | |
| १८ | राम्चे प्रतिक्षालय निर्माण | ५ लाख | ९ | उपभोक्ता समिति मार्फत | स्टोन मेसोनरी वाल भुईमा सोलिङ पि.सि.सि. गरी ट्रसको प्रतिक्षालय निर्माण | | |
| १९ | Upgrading Works of Ghaiya Fokta Pakhrin tole Magar Tole Dadale Sadak | १७ लाख १३ हजार ५ सय ९३ (सम्झौता रकम) | ९ | बोलपत्र | कच्ची नाली, ग्याविन वाल, स्टोन सोलिङ र रोलर सहित सडकमा ग्राभेल बिछ्याउने कार्य भएको | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० | पञ्चकन्या मन्दिर निर्माण चांखु | ३ लाख ५० हजार | ९ | उपभोक्ता समिति मार्फत | मेसोनरी वाल, मन्दिर प्रवेश सिंढि निर्माण, मन्दिरमा वाल तथा प्लाष्टर, रङ्गरोगन, ईलेक्ट्रिक तथा गजुर राखे कार्य गरेको | मन्दिर परिसर नियमित सरसफाई गर्ने र रेखदेख एवं मर्मत संभार गर्ने | |
| २१ | देउराली भन्ज्याङ सामुदायिक भवन | २ लाख ५० हजार | ९ | उपभोक्ता समिति मार्फत | स्टोन सोलिङ पि.सि.सि. गरी पालि निर्माण, फाईवर राखि ट्रस पालि, स्थानीय कडा काठको सिसाको फ्रेम सहित झ्याल र ग्रिल, फल्स सिलिङ, प्लाष्टर, रङ्गरोगन गर्ने कार्य भएको | भवन उपयोग र नियमित मर्मत संभार गर्ने | |

CamScanner